“घर बलियो जगले, राष्ट्र बलियो प्रारम्भिक बालविकासले”

# छेडागाड घोषणा–पत्र

## प्रथम प्रारम्भिक बालविकास सम्मेलन

## २०७९ आषाढ २ देखि ३ गते सम्म

यस नगरपालिकामा प्रारम्भिक बालविकास केन्द्र सम्वन्धि भए गरेका असल अभ्यास, चुनौतिहरु र भावि कार्यक्रमको बारेमा छलफल गरी सरोकारवालाहरुको प्रतिवद्धता लिने, बालविकास सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिगत प्रावधान र यसको महत्व र व्यवहारिक कार्यान्वयन गर्न र प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरु बिच अनुभव आदानप्रदान गर्ने र नमूना प्रारम्भिक बालविकास केन्द्र निरन्तरताको पैरवी गर्न बालविकास केन्द्र सहजकर्ताहरुको संजाल गठन गर्ने उद्देश्यका साथ सम्पन्न भएको बालविकास केन्द्रका शिक्षककहरुको पहिलो नगरस्तरीय सम्मेलनले निम्न अनुसारका १५ बुँदे घोषणा–पत्र कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्दछ ।

**१.** यस नगरपालिकामा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई बालविकास केन्द्रमा भर्ना गरेर निरन्तरताको सुनिश्चतता गर्नेछौ ।

**२.** वर्षमा कम्तिमा पनि २२० दिन बालविकास केन्द्र खुल्ने र १९२ दिन पठनपाठनका क्रियाकलापहरू संचालन भएको सुनिश्चित गर्नेछौं ।

**३.** बालबालिकाहरूको दैनिक उपस्थिति दर कम्तिमा ९० प्रतिशत भन्दा बढी सुनिश्चित गर्न तथा बालबालिकाहरूको टिकाउ दर सतप्रतिसत बढाउन र बिचमै विद्यालय छोढ्ने दरलाई सुन्यमा झार्न हामी सबै प्रतिवद्ध छौ ।

**४.** प्रारम्भिक बालविकास केन्द्रबाट अनुभव लिई कक्षा १ मा जाने दरलाई शतप्रतिशत गर्नको लागि हामी प्रतिवद्ध छौ । यसको लागि नगरपालिकाबाट आवश्यकता अनुसार बालविकास केन्द्रहरूको विकास र विस्तार गरिनेछ ।

**५.** बालविकास केन्द्रका शिक्षकहरूको आधारभूत तथा प्रारम्भिक साक्षरता र गणितीय सीप सम्वन्धी तालिम तथा घुम्ति बैठक मार्फत क्षमता अभिवृद्धि गरी प्रत्येक बालविकास केन्द्रहरूमा सिकाइ आदान प्रदान कार्यलाई निरन्तरता दिईनेछ ।

**६.** यस नगरपालिकामा सबै बालविकास केन्द्रहरूलाई नमूना बालविकास केन्द्रको रूपमा विकास गर्न बालविकास केन्द्रहरूको भौतिक, व्यवस्थापकीय तथा न्यूनतम ६ कुना सिकाइ सामग्रीहरूको व्यवस्थापन गरिनेछ ।

**७.** कम्तिमा एक वडा एक नमुना बालविकास केन्द्रहरूको स्थापना हुनेछ । यसका लागि एकिकृत योजना निर्माण गरेर आवश्यक वजेट नगरपालिका र प्रदेश सरकारबाट विनियोजन गरिनेछ ।

**८.** नगरपालिका सबै वडाहरूमा अभिभावक शिक्षा, गृह विद्यालय, गृह शिक्षक, घरमै प्रारम्भिक साक्षरता र गणित तथा घरमै विद्यालय कक्षाहरूको विस्तार गरिनेछ ।

**९.** बालबालिकाहरूको ६, ६ महिनाको एक पटक जुकाको औषधी, स्वास्थ्य परीक्षण, भिटामिन ए, आईरन चक्की र दिवाखाजाको व्यवस्थालाई सुनिश्चत गरिनेछ ।

**१०.** नगरपालिका, नगर शिक्षा समितिको पहलमा वर्षको २ पटक नगरपालिकामा रहेका बालविकास केन्द्रहरूको अनुगमन गरी नमुना बालविकास केन्द्रहरूलाई पुरस्कृत गरिनेछ ।

**११.** यस नगरपालिकाद्वारा तयार गरिएको प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम मापदण्डहरूको सुनिश्चित गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँगको सहयोग र सहकार्यलाई प्रभावकारी बनाइनेछ ।

**१२.** समुदायको सहभागिता अभिवृद्धि गर्न अभिभावक शिक्षालाई विस्तार गरिनेछ, जसको माध्यमले गृह विद्यालय, घरमै प्रारम्भिक साक्षरता र गणितलाई घरेलु क्रियाकलापमा आधारित बालविकासका क्रियाकलापहरूलाई कार्यान्वयन गरिनेछ । साथै अभिभावकहरूले नासो स्वरूप प्रदान गर्दै आईरहेको नासो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**१३.** प्रारम्भिक बालविकास केन्द्रको नयाँ पाठ्यक्रम २०७७ अनुसार दैनिक पाठ्योजनाको आधारमा कक्षालाई बालमैत्री, खुसीमय र सामग्रीमय बनाउदै आधारभूत सिप सिकाइका क्षेत्र र विषयगत सिप सिकाइका क्षेत्रलाई पूर्णरुपमा समेटेर कार्यान्वयन गरिनेछ ।

**१४.** प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार गर्न यस नगरपालिकामा निर्माण भएको नगरपालिकास्तरीय एकिकृत रणनैतिक योजना र बालविकास केन्द्रका न्यूनतम मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१५. प्रथम नगरस्तरीय प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरूको सम्मेलनबाट गठन भएको नगरस्तरीय बालविकास केन्द्रका शिक्षकहरूको संजालको क्षमता अभिवृद्धि, संजालले उठाएका मागहरूको उचित सम्वोधन गर्न तथा नमूना बालविकास केन्द्रको लागि निरन्तर पैरवी तथा वकालत गर्न सबै सरोकारवाला निकायहरूको ऐक्यवद्धता जाहेर गर्दछौं ।

अन्तमा यस प्रथम प्रारम्भिक बालविकास सम्मेलनमा आफ्नो महत्वपूर्ण समय उपलब्ध गरी सहजिकरण एवम् प्राविधिक सहयोग गर्नु हुने प्रमुख अतिथि प्रारम्भिक बालविकासका लागि प्रदेश सांसदहरूको समन्वय सहकार्य समूहका संयोजक एवम् पूर्व मन्त्री सिता नेपाली, विशिष्ट अतिथि पूर्व शिक्षा निर्देशक जित बहादुर शाह, सेभ द चिल्ड्रेनका शिक्षा प्रवन्धक आत्माराम भट्टराई, त्यसै गरी सेतो गुराँस सूर्खेत जिल्ला संयोजक जानकी देवकोटा, शिक्षा पत्राकार समूह तथा अन्य पत्रकार ज्यूहरू । यस कार्यक्रमलाई व्यवस्थित मनाउन अहोरात्र खटिने सबै जनप्रतिनिधिहरू, नि. प्रशासकिय प्रमुख, शिक्षा शाखाको सम्पूर्ण टिम, पाँचतारा यूवा संरक्षक मंचका अध्यक्ष लगाएत सम्पूर्ण कर्मचारीहरू, शिक्षक महासंघ लगाएत विभिन्न पेशागत शिक्षक संघ संगठनका पदाधिकारीहरू, बालविकास केन्द्रका शिक्षकहरू, बालक्लवका प्रतिनिधिहरू तथा यस कार्यक्रममा सहभागि भई आफ्नो महत्वपूर्ण सुझाव सल्लाह दिई यो कार्यक्रममा सहयोग गर्नुहुने सबै महानुभावहरूलाई हार्दिक धन्यवाद दिन चाहान्छु । साथै यस घोषणा पत्रमा उल्लेखित बुँदाहरूलाई आगामी दिनमा अक्षरशः कार्यान्वयनमा सहयोग गर्न सबैमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद ।**